धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १५ ◆ २०८३ साउन १५ गते शुक्रबार, Friday, July 31, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## आपसी सद्भाव, एकता कायम राख्न पूर्वप्रधानमन्त्री देउवाको आग्रह

काठमाडौं । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा देखिएको अवस्थाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत आज आफ्नो धारणा सार्वजनिक गर्दै उहाँले नेपालीको विशेषता भनेको एकअर्काको सहअस्तित्वलाई स्वीकार गर्दै आपसी सद्भाव, एकता र सहकार्यलाई कायम राख्नु रहेको बताउनुभएको छ ।

पूर्वप्रधानमन्त्री देउवाले नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सामाजिक सद्भाव कायम राख्दै सहकार्य, एकता र शान्तिको आदर्शलाई अनुशरण गर्न अनुरोध गर्नुभएको छ । उहाँले पछिल्लो घटनामा निधन भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँले शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ । साथै उहाँले उक्त घटनामा घाइते भएकाहरूको स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

पूर्वप्रधानमन्त्री देउवाले हिंसा भडकिन नदिन राजनीतिक दलसँग सहकार्य गर्दै तत्काल आवश्यक पहल तथा प्रभावकारी कदम चाल्न सरकारसँग अनुरोध गर्नुभएको छ ।

## सुनसरी घटनाका घाइते भेट्न गृहमन्त्री अस्पतालमा

काठमाडौं । गृहमन्त्री सुधन गुरुङ सुनसरी घटनाका घाइतेलाई भेट्न बिहीबार (हिजो) विराटनगरको विभिन्न अस्पताल पुग्नुभएको छ ।

विराटनगरस्थित विराट नर्सिङ अस्पताल र प्राइम अस्पताल पुगेर गृहमन्त्री गुरुङले घाइतेका स्वास्थ्यवस्थाबारे जानकारी लिनुभएको गृहमन्त्रीको स्वकीय सचिव जेम्स कार्कीले जानकारी दिनुभयो । त्यसक्रममा गृहमन्त्रीले घाइतको उपचारमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको थियो । गृहमन्त्रीले सुनसरीको देवानगञ्ज गाउँपालिका-३ स्थित कप्तानगञ्ज पुगेर मृतकका आफन्तसँग पनि भेट गर्ने कार्यक्रम छ ।

यही साउन १० गते सुनसरीको देवानगञ्जमा दुई समूहबीचको विवाद नियन्त्रणमा लिने क्रममा घाइते भएका दुई जनाको उपचारका क्रममा मृत्यु भएको थियो ।

## सार्वजनिक ऋणका बारेमा संसद्ले निगरानी गर्नुपर्छ



काठमाडौं । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले मुलुकको आर्थिक र सामाजिक रुपान्तरणका लागि सार्वजनिक ऋणको परिचालन अपरिहार्य भए पनि सरकारले लिने ऋणका बारेमा संसद्ले प्रभावकारी रूपमा निगरानी गर्नुपर्ने कुरा बताउनुभएको छ ।

नेपाल कानुन समाज र संविधान निगरानी समूहले संयुक्त रूपमा बिहीबार आयोजना गरेको 'सार्वजनिक ऋण: परिणाम, परिचालन, उत्पादकत्व र भावी रणनीति' विषयक संवाद कार्यक्रममा उहाँले संसद्ले त्यस्तो ऋणको प्रभाव-कारितासम्बन्धमा निगरानी राख्ने क्षमता बनाउनुपर्नेमा जोड दिनुभयो ।

"आजसम्मको सार्वजनिक ऋणको समष्टिगत हिस्सा, कोसँग लिएको, कति वर्ष पुरानो, कुन मितिमा फिर्ता गर्ने भनेका थियौं, किन ढिला वा चाँडो भयो, त्यसबाट प्राप्त लाभ के के हुन् ? यसबारेमा जनताले थाहा पाउनुपर्छ", पूर्वप्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो । पूर्वमुख्यसचिव डा बिमल कोइरालाले आवश्यकता र बाध्यताबीचको खाडल परिपूर्ति गर्न सार्वजनिक ऋण अपरिहार्य भएको बताउनुभयो ।

"जतिसुकै प्राथमिकीकरण गरेपनि हामीलाई स्रोत र साधनको अभावले समस्या भइरहेको छ । उन्नतशील अर्थतन्त्रका लागि ऋणको जोखिम उठाउनुपर्छ", ।

उहाँले भन्नुभयो, "जसले उच्च अर्थतन्त्रमा जान, अत्यावश्यक भौतिक पूर्वाधार खडा गर्न र विकासको गतिलाई आधुनिकीकरण गराउन ऋण चाहिन्छ, तर ऋणमै आश्रित हुनुहुँदैन ।"

नेपाल राष्ट्र बैङ्का पूर्वगभर्नर डा चिरञ्जीवी नेपालले सार्वजनिक ऋणको पारदर्शीतामा जोड दिँदै त्यस्तो ऋणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने बताउनुभयो । पूर्वअर्थ सचिव शिशिरकुमार ढुङ्गानाले सार्वजनिक ऋणले सिर्जना गरेको अन्तरपुस्ता दायित्वलाई विश्लेषण गर्नुपर्ने बताउनुभयो । नेपाल कानुन समाजका प्रमुख कार्यकारी निर्देशक कृष्णमान प्रधानले आमनागरिकको सामाजिक तथा आर्थिक क्षमता विकासमा सार्वजनिक ऋणले पार्ने प्रभावका बारेमा बहस गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा पुष्कर बज्राचार्य र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले सार्वजनिक ऋणको संवैधानिक व्यवस्था र नेपालको सार्वजनिक ऋण व्यवस्थापन को प्रक्रिया र परिणामबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

संवाद कार्यक्रममा सङ्घीय संसद्का सदस्य, पूर्वसांसद, पूर्वसचिव, कानुन व्यवसायी, लेखा व्यवसायी, विभिन्न राजनीतिक दलका नेता, अधिकारकर्मी तथा अनुसन्धानकर्ता सहभागी हुनुहुन्थ्यो ।

## गोलबजार घटनाको छानबिन गर्न समिति गठन

*प्रत्यूष समाचारदाता*



जनकपुरधाम । सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा बिहीबार एक जना युवालाई गोली लागेर मृत्यु भएको घटनाको सत्यतथ्य छानबिन गर्न मधेस प्रदेश प्रहरी कार्यालयले छानबिन समिति गठन गरेको छ ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाका प्रहरी उपरीक्षक भेषराज रिजालको संयोजकत्वमा मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक यशराज भट्ट र प्रहरी सहायक निरीक्षक गोविन्द झा सदस्य रहनेगरी छानबिन समिति गठन गरिएको हो ।

समितिलाई घटनाको सत्यतथ्य छानबिन गर्न कार्यादेश दिइएको धनुषाका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले जानकारी दिनुभयो । समितिलाई घटनासम्बन्धी तथ्य सङ्कलन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ ।

सप्तरीको बोदेबरसाइन नगर क्षेत्रमा कर्फ्यु

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको बोदेबरसाइन नगरपालिका क्षेत्रमा शान्ति, सुरक्षा कायम राख्न कर्फ्यु आदेश जारी गरेको छ ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा जारी आदेशअनुसार जिल्ला सुरक्षा समितिको बैठकको निर्णयका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६( क) बमोजिम कर्फ्यु लागू गरिएको हो ।

आज राति १०:०० बजेदेखि अर्को आदेश नभएसम्मका लागि बोदेबरसाइन नगरपालिका क्षेत्रभित्र कर्फ्यु आदेश जारी गरिएको सूचनामा उल्लेख छ । बोदेबरसाइन नगरपालिकाको सीमा पूर्वमा हुलाकी राजमार्गको खडक पुल, पश्चिममा प्रितमपुर चोक, उत्तरमा नेगडा बैरिया चोक र दक्षिणमा मानराजा चोकसम्म कर्फ्यु आदेश जारी गरिएको सूचनामा उल्लेख छ ।

कर्फ्यु आदेश उल्लङ्घन गरी कुनै पनि प्रकारका गतिविधि गरे वा गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही गरिने चेतावनीसमेत दिइएको छ । बोदेबरसाइन नगर क्षेत्रमा पछिल्ला दिनमा उत्पन्न तनाव तथा सम्भावित अप्रिय घटना रोक्न कर्फ्यु आदेश जारी गरिएको सूचनामा उल्लेख छ ।

## नयाँ पाठ्यक्रम स्वीकृतिका लागि सिफारिस

*प्रत्यूष समाचारदाता*

काठमाडौं । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले विद्यालय शिक्षाका विभिन्न तहको नयाँ पाठ्यक्रम स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बिहीबार बसेको परिषद्को ९९औं बैठकले उक्त निर्णय गरेको हो । बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गाना, शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेल तथा परिषद्का पदाधिकारी एवं सदस्यको उपस्थिति थियो । बैठकले आधारभूत शिक्षा (कक्षा ६-८) अन्तर्गत मातृभाषा समूहका अवधी र मगर ढुट विषयका पाठ्यक्रम स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, माध्यमिक शिक्षा (कक्षा ९-१०)को जनसङ्ख्या अध्ययन र तन्त्रशास्त्र विषयका पाठ्यक्रम पनि स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरिएको छ । यसैगरी, माध्यमिक शिक्षा (कक्षा ११-१२)अन्तर्गत संवैधानिक कानुन, देवानी तथा फौजदारी कानुन र न्याय, कार्यविधि कानुन, कानुनी मस्यौदा तथा विधिशास्त्र तथा नेपाली कानुनी प्रणाली विषयका पाठ्यक्रम स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्ने निर्णय बैठकले गरेको छ । परिषद्को निर्णयसँगै यी पाठ्यक्रम अन्तिम स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा पेस गरिनेछ । स्वीकृतिपश्चात सम्बन्धित विषयका पाठ्यक्रम विद्यालय तहमा कार्यान्वयनको प्रक्रिया अघि बढ्नेछ । बैठकमा विषयगत विज्ञ सरोकारवालाको पनि उपस्थिति थियो ।

## शुद्धोधन गाउँपालिकाका उपाध्यक्षसहित दुई जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कपिलवस्तुको शुद्धोधन गाउँपालिका का उपाध्यक्ष होमप्रकाश चौधरी कुर्मी र गाउँपालिकाका तत्कालीन 'एमआइएस अपरेटर' सुरेश कँहारविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार गाउँपालिकामा जागिर लगाइदिने भन्दै घुस लिएको भन्ने उजुरीमाथि अनुसन्धान गर्दा उपाध्यक्ष चौधरीको बैंक खातामा रु पाँच लाख जम्मा भएको पुष्टि भएपछि बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

अनुसन्धानको क्रममा आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने 'न्यायिक असमानता विरुद्ध उपाध्यक्ष कार्यक्रम' सञ्चालन गर्ने जिम्मेवारी तत्कालीन एमआइएस अपरेटर कँहारलाई दिइएको थियो । सो कार्यक्रम सञ्चालनका लागि गाउँपालिकासँग सम्झौता गरी रु छ लाख पेश्की लिएको र उक्त रकम खातामा आएलगत्तै त्यसमध्ये रु पाँच लाख उपाध्यक्ष चौधरीको बैंक खातामा जम्मा गरिएको आयोगले जनाएको छ । लिइएको पेश्की रकमबाट तोकिएको कार्यक्रममा खर्च नगरी घुस र रिसवतका रूपमा उपाध्यक्ष चौधरीलाई उपलब्ध गराइएको आरोप लागेको छ । सो कार्यमा उपाध्यक्ष चौधरी र तत्कालीन एमआइएस अपरेटर कँहारबीच मिलेमतो रहेको अनुसन्धानबाट खुलेको छ ।

आयोगले उनीहरूविरुद्ध रु पाँच लाख बिगो कायम गरी कैद, बिगोबमोजिम जरिवाना तथा घुसस्वरुप लिइएको रकम जफतको मागदावीसहित विशेष अदालतमा मुद्दा दायर गरिएको जनाएको छ ।

## शान्ति र संयमताका लागि ओलीको अपिल

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सुनसरीको देवानगञ्ज गाउँपालिका तथा सिरहालगायतका स्थानमा भएका हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै संयमता, सामाजिक सद्भाव र संवादमार्फत समस्याको समाधान खोज्न सबै पक्षसँग अपिल गर्नुभएको छ ।

अध्यक्ष ओलीले बिहीबार जारी गर्नुभएको अपिलमा सुनसरीको देवानगञ्ज गाउँपालिकामा केही दिनयता उत्पन्न तनावपूर्ण परिस्थितिमा स्थानीय युवा ओमप्रकाश मेहता तथा सिरहाका गणेश यादवको गोली लागि निधन भएको र अन्य नागरिक घाइते भएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ । उहाँले विभिन्न स्थानमा थप नागरिकले ज्यान गुमाएको घटनाले आफू अत्यन्त स्तब्ध र मर्माहत भएको उल्लेख गर्नुभएको छ । अध्यक्ष ओलीले घटनामा ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

अध्यक्ष ओलीले नागरिकबीचको एकता, सहिष्णुता र भ्रातृत्वलाई राष्ट्रको मुख्य शक्ति उल्लेख गर्दै कुनै पनि प्रकारको भ्रामक प्रचार वा उत्तेजनात्मक गतिविधिको पछि नलाग्न सबैसँग आग्रह गर्नुभएको छ । उहाँले एमालेका नेता-कार्यकर्ता, अन्य राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम तथा आम नागरिकलाई संयमता अपनाई सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न सक्रिय भूमिका निर्वाह गर्न अनुरोध गर्नुभएको छ ।

सम्पादकीय ....

## कानून बनाउदा ध्यान दिनुपर्ने

मिटरब्याजको समस्या र प्रकृति ठाउँअनुसार फरक छ। मधेसमा तमसुक र दृष्टिबन्धकको जालो छ भने सहरबजारमा चेकको आतङ्क छ।

अहिले पनि मिटरब्याजी साहुहरुले अदालतमा मुद्दा हालिरहेका छन्। अदालतले तमसुक र चेकलाई हेरेर फैसला सुनाइरहेको छ। प्रहरीले बैंकिङ कसुरभन्दै पक्राउ गरिरहेको छ र मालपोतबाट दिनदिनै जमिन लिलामी भइरहेको छ। एकातिर सरकारले मिटरब्याजलाई अवैध र अपराध घोषणा गर्ने, अर्कोतिर राज्यकै निकाय प्रयोग गरेर साहुले गरिबको घरबार लिलाम गरिरहने विरोधाभास अन्त्य नभएसम्म पीडितले न्यायको अनुभूति गर्न सक्दैनन्।

त्यसैले अहिलेको हाम्रो प्रमुख माग र सर्त भनेको अन्तरिम राहतको हो। जबसम्म नयाँ ऐन बन्दैन र उच्चस्तरीय संयन्त्रले काम थाल्दैन, तबसम्म मिटरब्याज र व्यक्तिगत लेनदेनसँग जोडिएका सम्पूर्ण अदालतका मुद्दा, बैंकिङ कसुरका धरपकड र जमिन लिलामीको प्रक्रिया तत्काल स्थगित हुनुपर्छ। राज्यले सुरुमा सुदखोरी प्रथा उन्मुलन र त्यसपछि अवैध लिखत उन्मुलनको साहसिक कदम चाल्नैपर्छ।

सरकारकै तथ्याङ्ले पनि यो समस्या कति विकराल छ भन्ने देखाउँछ। यसअघि गौरीबहादुर कार्की, तेजबहादुर कार्की र बाबुराम रेग्मीको नेतृत्वमा बनेका तीन वटा आयोगमा मात्रै ६५ देखि ७० हजार उजुरी परेका थिए। यद्यपि यति सङ्ख्यामात्रै पूर्ण छैन। हामीले जिल्लास्तरमा हेर्दा धनुषामा मात्रै २० हजार र रौतहटमा ७ हजार उजुरी छन्। प्रहरीमा परेका ठाडो निवेदन र बाहिर आउन नसकेका पीडितको सङ्ख्या जोड्ने हो भने देशभर करिब ५ लाख नागरिक मिटरब्याजको पासोमा छन् भन्ने अनुमान छ।

मिटरब्याजको समस्या र प्रकृति ठाउँअनुसार फरक छ। मधेसमा तमसुक र दृष्टिबन्धकको जालो छ भने सहरबजारमा चेकको आतङ्क छ। सहरमा खाली चेकमा हस्ताक्षर गराएर पैसा दिने र पछि त्यही चेक बाउन्स गराएर जेल पठाउने गिरोह निकै भयावह बनिसकेको छ। सरकारले कानुन बनाउँदा र संयन्त्रले काम गर्दा सामाजिक लेनदेन र व्यावसायिक मिटरब्याजी बिचको फरक छुट्याउनु पर्छ। गाउँघरमा कसैले कसैलाई गर्जो टार्न ऋण दिनु सामाजिक लेनदेन हो। यस्ता लेनदेनमा पनि साहुकै सिको गरेर ५ गुणा बढीको तमसुक बनाउने विकृति पसेको छ। यस्ता विषयलाई सीडीओ कार्यालय र स्थानीय तहको रोहवरमा साँवा र जायज ब्याज तिराएर सामाजिक सद्भावसहित मिलाउन सकिन्छ। तर, जो बाउबाजेको पालादेखि सुदखोरीमै लागेका छन्, जसको पेसा नै ब्याज खाने र जमिन हडप्ने हो, ती प्रोफेसनल अपराधी हुन्। उनीहरुको सङ्ख्या कम भए पनि उनीहरुले सयौंलाई पीडित बनाएका छन्। यस्ता व्यावसायिक मिटरब्याजी साहुहरुको सम्पत्ति शुद्धीकरण अन्तर्गत छानबिन हुनुपर्छ। उनीहरुले गरेका ठगी र यौनहिंसासम्मका अपराधमा कडा फौजदारी कारबाही हुनुपर्छ। सरकारलाई हाम्रो आग्रह छ- सम्झौता सकारात्मक छ, तर यसलाई कुनै पनि बहानामा नअल्झाइयोस्। तर, यी सबै विषय अल्पकालीनमात्रै हुन्। दीर्घकालमा जनतालाई आवश्यक पर्ने ऋण लिन मिटरब्याजी र साहुहरुकहाँ धाउनै नपर्ने अवस्था बनाउनुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# मौरीपालनबाट आत्मनिर्भर बन्दै झापाका महिला उद्यमी

सुदीप राउत

काँधमा मौरीका घार, आँखामा समृद्धिको सपना। असोजको अन्तिम साता सुरु भएपछि झापाको शिवसताक्षी नगरपालिका-९ की जमुना सुवेदी भट्टराईको यात्रा घरआँगनमा सीमित रहँदैन। कहिले दाङ र चितवनका पहँलै तोरीबारी, कहिले मोरङको फापरबारी त कहिले झापाकै लिच्ची बगैँचासम्म मौरीसँगै उहाँको यात्रा चलिरहन्छ। फूल जहाँ फुल्छ, त्यहीँ पुग्नुहुन्छ उहाँ।

‘आजग मौरी फार्म’ बाट सुरु भएको उहाँको यो ५० घार मौरीको यात्रा आज केवल मह उत्पादनमा सीमित छैन, आत्मनिर्भरता र वार्षिक लाखौँ आम्दानीको बलियो आधार बनेको छ। चार वर्षअघि सामान्य रूपमा सुरु भएको व्यवसायले आज उहाँलाई वार्षिक करिब आठ लाख रुपैयाँ खुद आम्दानी दिइरहेको छ। यही व्यवसायबाट घरखर्च चलिरहेको छ, छोराछोरीको शिक्षा-दीक्षा धानिएको छ, स्थानीयलाई रोजगारी मिलेको छ।

फूल फुल्ने मौसमसँगै मौरीका घार बोकेर विभिन्न चरन क्षेत्र पुग्ने जमुनाको नियमित दैनिकी जस्तै बनेको छ। सुरुमा सानो प्रयासबाट थालिएको मौरीपालनले अहिले उहाँको परिवारलाई आत्मनिर्भर मात्र बनाएको छैन, वैदेशिक रोजगारीमा रहेका श्रीमान्लाई समेत आफ्नै माटोमा फर्काउने बलियो आधार निर्माण गरेको छ। “पहिला पाँच घारबाट सुरु गरेको थिएँ”, आफ्ना सुरुआती दिन सम्झँदै जमुना भन्नुहुन्छ, “मौरीसँगै सिक्दै गएँ। अहिले यही व्यवसायले परिवार धानेको छ। अब विदेशमा रहेका श्रीमान् पनि फर्किएर यही व्यवसायलाई अझ विस्तार गर्ने योजना बनाएका छौँ।”

मौरीपालनमा सबैभन्दा ठूलो चुनौती उत्पादन होइन, चरन व्यवस्थापन हो। त्यसैले व्यावसायिक मौरीपालकहरू मौसमसँगै देशका विभिन्न भागमा घुम्छन्। जमुनाका अनुसार असोजको अन्त्यतिर मौरीका घार दाङ लगिन्छ। तोरी फुल्न थालेपछि करिब एक महिना त्यहीँ राखिन्छ र पहिलोपटक मह निकालिन्छ। त्यसपछि घार चितवन पुर्‍याइन्छ। चितवनमा तोरी र चिउरीको चरन पाइने भएकाले डेढ महिनासम्म राखेर दुई पटकसम्म मह निकालिन्छ।

चितवनपछि यात्रा मोरङको कानेपोखरी हुँदै झापाको गौरादह पुग्छ, जहाँ फापरको फूलले मौरीलाई आकर्षित गर्छ। त्यसपछि चन्द्रगढीमा लिच्चीको मौसम र अन्तिममा धुलाबारीमाथिको जङ्गलमा जङ्गली फलफूलको चरनका लागि एक महिना राखिन्छ। “फूल जहाँ हुन्छ, मौरीलाई त्यहीँ लैजानुपर्छ”, उहाँ भन्नुहुन्छ, “त्यसैले हामी पनि मौसमसँगै घुमिरहन्छौँ।” यही अवधिमा रानी मौरी छुट्याएर नयाँ घार विस्तार गरिन्छ। वर्षमा एकपटक पुरानो रानी हटाएर नयाँ रानी राख्ने गरिएको छ। रानी उत्पादन निकै प्राविधिक काम भएकाले चितवनबाट दक्ष प्राविधिक बोलाउने गरिएको उहाँ बताउनुहुन्छ।

जमुनाका लागि सुरुआती दिन सहज थिएनन्। बजारको ज्ञान कम थियो। रोग नियन्त्रण, चरन व्यवस्थापन र मौरीको व्यवहार बुझ्न समय लाग्यो तर निरन्तर सिकाइ र सरकारी सहयोगले व्यवसाय विस्तारको बाटो खोल्यो।

गत आर्थिक वर्षमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत चार लाख रुपैयाँ अनुदान प्राप्त भएपछि जमुनाले व्यवसाय विस्तार गर्दै मौरीको घार सङ्ख्या ५० पुर्‍याउनुभयो।

उहाँका अनुसार एकपटकमा ५० घारबाट कम्तीमा २०० केजी मह उत्पादन हुन्छ। तोरी र फापरको मौसममा उत्पादित मह प्रतिकेजी रु ८०० रुपैयाँमा बिक्री हुन्छ भने जङ्गली फलफूलबाट उत्पादन हुने महको मूल्य प्रतिकेजी एक हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। घार सार्ने, मह निकाल्ने, प्याकिङ गर्ने, बजार व्यवस्थापन गर्नेलगायतका काममा स्थानीयले रोजगारी पाउने गरेका छन्। “पहिले वैदेशिक रोजगारी नै विकल्प जस्तो लाग्थ्यो”, उहाँ भन्नुहुन्छ, “तर अहिले यही व्यवसायले परिवार धानेको छ। अब श्रीमान्लाई पनि यही व्यवसायमा जोड्ने सोच छ।”

शिवसताक्षी नगरपालिका-११ की मनु अधिकारीको कथा पनि उस्तै प्रेरणादायी छ। उहाँले एक दशकदेखि ‘मसुमी मौरी फार्म’ सञ्चालन गर्दै आउनुभएको छ। अहिले उहाँसँग ७० घार मौरी छन्। आधुनिक मह प्रशोधन मेसिन जडान गरेपछि काम धेरै सहज भएको उहाँ बताउनुहुन्छ। “पहिले मह निकाल्न धेरै समय लाग्थ्यो”, उहाँ भन्नुहुन्छ, “अहिले प्रशोधन छिटो हुन्छ, गुणस्तर पनि राम्रो हुन्छ।”

उहाँका अनुसार राम्रो याममा एउटा घारबाट १० लिटरसम्म मह उत्पादन हुने गरेको छ। “अरू धेरै व्यवसायभन्दा मौरीपालन राम्रो लागेको छ”, उहाँ भन्नुहुन्छ, “मेहनत गर्नसके आम्दानी पनि राम्रो हुन्छ। विदेश जाने सोच बनाएका युवाले एकपटक मौरीपालन पनि हेर्नुपर्छ।” उहाँले पनि गत आर्थिक वर्षमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत चार लाख रुपैयाँ अनुदान प्राप्त गर्नुभएको थियो।

झापामा मौरीपालन व्यवसायले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने नयाँ सम्भावना देखाएको छ। घरपरिवारको जिम्मेवारीसँगै व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिलाको आकर्षण बढ्दै गएको व्यवसायीहरू बताउँछन्।

अहिले धेरै महिलाले आफ्नै नाममा मौरी फार्म दर्ता गरी व्यावसायिक रूपमा काम गरिरहेका छन्। जमुना र मनुको अनुभवले मौरीपालनले केवल मह उत्पादन गर्दैन, परिवारको आर्थिक अवस्था बदल्छ, महिलाको निर्णय क्षमता बढाउँछ, स्थानीय रोजगारी सिर्जना गर्छ र वैदेशिक रोजगारीको विकल्पसमेत बन्न सक्छ।

सबैभन्दा ठूलो समस्या नक्कली महको बिगबिगी हो। बजारमा कम गुणस्तरका र मिसावटयुक्त मह सस्तो मूल्यमा बिक्री हुँदा वास्तविक उत्पादक मारमा परेको व्यवसायीहरू बताउँछन्। त्यसैगरी मौरीमा लाग्ने रोग, विषादीको बढ्दो प्रयोग, चरन क्षेत्र घट्दै जानु र भारतबाट आउने सस्तो महसँग प्रतिस्पर्धा गर्नुपर्ने अर्को चुनौती बनेको छ। मनु भन्नुहुन्छ, “हामी प्राकृतिक मह उत्पादन गर्छौं तर बजारमा सस्तो मिसावटयुक्त मह आउँदा उपभोक्ताले फरक छुट्याउन सक्नुहुन्न। त्यसले वास्तविक किसानलाई असर गर्छ।” व्यवसायीहरूका अनुसार मौरीका चरन क्षेत्र दिनप्रतिदिन घटिरहेका छन्। कृषि भूमिमा विषादीको प्रयोग बढेकाले मौरीको मृत्यु हुने समस्या पनि बढ्दै गएको छ।

सरकारी सहयोगले बढ्दो उत्साह

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले जिल्लामा कृषि उद्यमशीलता प्रवर्द्धनका लागि मौरीपालनलगायतका व्यावसायिक खेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहन गर्दै आएको छ। विशेषगरी, स्थानीय तहमा महिला उद्यमीलाई आत्मनिर्भर बनाउन अनुदान तथा प्राविधिक सहजीकरण जोडतोडका साथ अघि बढाइएको छ। “कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रमअन्तर्गत झापामा हालसम्म १५ वटा परियोजना सफलतापूर्वक सम्पन्न भइसकेका छन्”, कार्यक्रमका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत रवीन्द्र सुवेदी भन्नुहुन्छ, “हामीले व्यावसायिक मौरीपालन, च्याउखेती, पशुपालन र तरकारी खेतीमा कृषकलाई अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएका छौँ। त्यसमा पनि विशेषगरी महिला उद्यमीलाई प्राथमिकतामा राखेर व्यवसाय विस्तार र प्रवर्द्धनमा सहजीकरण गरिरहेका छौँ, जसले गर्दा धेरै महिलाहरू कृषि उद्यममा स्थापित हुन सफल हुनुभएको छ।”

झापामा मौरीपालनको विकास र किसानलाई प्राविधिक सहयोग पुर्‍याउन कृषि ज्ञान केन्द्रअन्तर्गत शिवसताक्षी-११ दुधेस्थित ‘पुनिका मौरीपालन स्रोत केन्द्र’ ले महत्वपूर्ण भूमिका खेलिरहेको छ। केन्द्रका सञ्चालक तथा व्यवस्थापक अर्जुन मुखियाका अनुसार किसानहरूलाई सिपमूलक तालिमदेखि आवश्यक सहयोगी सामग्रीहरूसम्म वितरण गर्दै आएको छ। “स्थानीय पालिका र विभिन्न सङ्घ-संस्थाहरूसँगको समन्वय तथा सहयोगमा गत आर्थिक वर्ष मात्रै सातवटा तालिम सञ्चालन गरेका थियौँ”, स्रोत केन्द्रका सञ्चालक मुखियाले भन्नुभयो।

विगत दुई दशकदेखि मौरीपालनमा सक्रिय मुखियाको आफ्नै वैदेशिक रोजगारीको अनुभव र स्वदेश फिर्तीको कथा पनि प्रेरणादायी छ। रोजगारीका सिलसिलामा मलेसिया र दुबईसम्म पुग्नुभएका उहाँ वैदेशिक रोजगारी छाडेर स्वदेश फर्किएपछि पूर्ण रूपमा मौरीपालनमै लाग्नुभएको हो। पुनिका मौरीपालन स्रोत केन्द्रको तथ्याङ्कअनुसार शिवसताक्षी नगरपालिकामा मात्रै हालसम्म ३७ भन्दा बढी परिवारले सङ्गठित रूपमा मौरीपालन गरिरहेका छन्। त्यसैगरी अर्जुनधारा, बिर्तामोड र दमक नगरपालिका तथा हल्दिबारी गाउँपालिकालगायतका क्षेत्रमा नयाँ किसानहरूको आकर्षण तीव्र रूपमा बढिरहेको छ। जिल्लाभरको समग्र अवस्था हेर्दा करिब २०० जना किसान सक्रिय रुपमा व्यावसायिक रूपमा मौरीपालनमा जोडिएका छन्। स्रोत केन्द्रका अनुसार झापामा मह र मौरीजन्य सामग्री (घार, टोपी, चाका आदि) को बिक्रीबाट मात्रै वार्षिक कम्तीमा रु २० करोड बराबरको कारोबार हुने गरेको छ। जिल्ला कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार जिल्लामा वार्षिक मह उत्पादन र कारोबार निरन्तर बढ्दो क्रममा रहेको छ। मौरीले मह उत्पादनसँगै कृषि बालीको परागसेचनमा महत्वपूर्ण योगदान पुर्‍याउने भएकाले यसको संरक्षण र विस्तार आवश्यक रहेको उहाँ बताउनुहुन्छ। उचित तालिम, गुणस्तरीय रानी उत्पादन, बजार व्यवस्थापन र ‘ब्राण्डिङ’मा जोड दिन सके झापा मह उत्पादनको प्रमुख केन्द्र बन्न सक्ने उहाँको विश्वास छ।


## विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।
- बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार,
विज्ञापन वोर्ड

# चक्रदेवी सामुदायिक वन उपभोक्ता समूह

नीलकण्ठ न.पा. वडा नं. ६, धादिङ

**वन पैदावार लिलाम विक्री सम्वन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१५)

यस चक्रदेवी सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा वार्षिक स्वीकृत कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएको खोटेसल्ला जातको गोलिया काठ यस समूहको निर्णय तथा डिभिजन वन कार्यालय धादिङको च.नं ५३ मिति २०८३/०४/१४ को लिलाम विक्री सहमती अनुसार नीलकण्ठ न.पा वडा नं. ६, ठुलो आहाल धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार (काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली, २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस चक्रदेवी सामुदायिक वन उपभोक्ता समूह, नीलकण्ठ न.पा. वडा नं. ६, धादिङमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ ।

तपसिल

| जात | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| खोटेसल्ला | २४ | A | ४१९.३० | १,०४,८२५।- | नियामनुसार | |
| खोटेसल्ला | ४८ | B | ४८९.४१ | ७३,४११।५० | | |

थप जानकारीको लागि श्याम भारती अध्यक्ष, चक्रदेवी सा.व.उ.स

सम्पर्क नं. ९८४३२६१८७९



# रघुनाथ सामुदायिक वन उपभोक्ता समूह

नीलकण्ठ न.पा. वडा नं. ६, धादिङ

**वन पैदावार लिलाम विक्री सम्वन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१५)

यस रघुनाथ सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा वार्षिक स्वीकृत कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएको खोटेसल्ला जातको गोलिया काठ यस समूहको निर्णय तथा डिभिजन वन कार्यालय धादिङको च.नं ५४ मिति २०८३/०४/१४ को लिलाम विक्री सहमती अनुसार नीलकण्ठ न.पा वडा नं. ६, ठुलो आहाल धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार (काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली, २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस चक्रदेवी सामुदायिक वन उपभोक्ता समूह, नीलकण्ठ न.पा. वडा नं. ६, धादिङमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ ।

तपसिल

| जात | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| खोटेसल्ला | ३४ | A | ६५५.५३ | १,६३,८८२।५० | नियामनुसार | |
| खोटेसल्ला | ७३ | B | ७७१.११ | १,१५,६६६।५० | | |

थप जानकारीको लागि रामजी राना अध्यक्ष, रघुनाथ सा.व.उ.स

सम्पर्क नं. ९८६०६८३१८९


## तुलसीपुरमा निर्मित आँखा अस्पतालको उद्घाटन

दाङ । तुलसीपुरमा निर्मित राप्ती आँखा अस्पतालको शल्यक्रिया भवन उद्घाटन भएको छ । अस्पताल भवनको भारतीय राजदूतावास, काठमाडौँका काउन्सिलर गीताञ्जली ब्रैंडन र तुलसीपुर उपमहानगर पालिकाका प्रमुख टीकाराम खड्काले आज संयुक्त रूपमा उद्घाटन गर्नुभयो ।

बिहीबार कार्यक्रममा भारतीय राजदूतावासका काउन्सिलर ब्रैंडनले राप्ती आँखा अस्पतालको शल्यक्रिया भवनको उद्घाटनमा उपस्थित हुन पाउँदा आफू उत्साहित भएको धारणा राख्नुभयो । यो उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाअन्तर्गत नेपाल-भारत विकास सहयोगमार्फत भारत सरकारको अनुदानमा निर्माण गरिएको जनाउँदै यसको कार्यान्वयन तुलसीपुर उपमहानगरपालिकाले गरेको उहाँले बताउनुभयो ।

काउन्सिलर ब्रैंडनले योसँगै भारत र नेपालबीच विकास साझेदारी थप मजबुत भएको बताउनुभयो । उहाँले सन् २००३ मा सुरु भएको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाअन्तर्गत नेपाल-भारत विकास साझेदारी एक महत्वपूर्ण स्तम्भ रहेको बताउँदै उहाँले यी परियोजना स्थानीय निकायमार्फत तल्लो तहमा कार्यान्वयन गरिने धारणा राख्नुभयो । यसमा नेपाल सरकारका स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, ढल निकास, तटबन्धन, ग्रामीण विद्युतीकरण, नदी नियन्त्रणलगायत प्राथमिक क्षेत्र पर्ने उहाँले बताउनुभयो ।

यो कार्यक्रम सुरु भएदेखि नेपालभर लगभग रु एक हजार ५८२ करोड लागतमा ६०० परियोजना कार्यान्वनमा आएका जानकारी दिँदै काउन्सिलर ब्रैंडनले भन्नुभयो, "यी परियोजना नेपालका ७४ जिल्लामा कार्यान्वयनमा आएका छन् । लुम्बिनी प्रदेशमा ६६ वटा सञ्चालनमा रहेकामा दाङ जिल्लामा मात्रै सात वटा परियोजना छन् । यी परियोजना सबै नेपाल सरकारले पहिचान गरी कार्यान्वयनमा आएका हुन् ।"

साथै भारत सरकारले स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्ने संस्थालाई एम्बुलेन्स र स्कुल बस उपहारस्वरुप प्रदान गर्दै आएको बताउँदै काउन्सिलर ब्रैंडनले हालसम्ममा एक हजार ४९ एम्बुलेन्स र ३८१ स्कुल बस उपहार स्वरुप प्रदान गरिएको जानकारी दिनुभयो । "तीमध्ये लुम्बिनी प्रदेशमा १६९ एम्बुलेन्स र ५९ स्कुल प्रदान गरिएकामा दाङमा १९ एम्बुलेन्स र आठ वटा स्कुल बस प्रदान गरिएको छ", उहाँले भन्नुभयो । ती सवारीसाधनले स्वास्थ्य सेवा पूर्वाधारको प्राथमिक आवश्यकता पूरा गर्नुका साथै दुर्गम क्षेत्रमा शिक्षामा पहुँच सुनिचित गर्न महत्वपूर्ण भूमिका खेलेका काउन्सिलर ब्रैंडनले विश्वास व्यक्त गर्नुभयो । आगामी दिनमा यस सहकार्यलाई अझ सुदृढ बनाउँदै लैजाने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

भारत सरकारको सहयोगमा सुविधा सम्पन्न अस्पतालको शल्यक्रिया भवन निर्माणले यस क्षेत्रका नागरिकले गुणस्तरीय सेवा पाउनेमा विश्वस्थ रहेको बताउनुभयो । आफूहरूले भवन निर्माणका लागि भारतीय दूतावाससँग आग्रह गरेपछि सहयोग प्राप्त भएकामा उहाँले भारतीय दूतावासमार्फत भारत सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार गिरीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय समाचार समिति दाङकी प्रमुख नारायणी रजौरेले यस क्षेत्रका नागरिकलाई मध्यनजर गरी भारत सरकारले सुविधा सम्पन्न शल्यक्रिया भवन निर्माण गरिदिएकामा धन्यवाद दिनुभयो ।

## सर्वोच्चको आदेशपछि बिर्तामोडको सडक विस्तार हाललाई स्थगित

भद्रपुर । सर्वोच्च अदालतको आदेशपछि बिर्तामोड नगरपालिकाले सडक विस्तार अन्तर्गत संरचना हटाउने तथा भत्काउने काम हालका लागि स्थगित गरेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले बिहीबार सूचना जारी गर्दै कार्यपालिका बैठकको निर्णयअनुसार उक्त मुद्दामा सर्वोच्च अदालतबाट अन्तिम फैसला नआएसम्म पूर्वप्रकाशित सूचनाअनुसार संरचना हटाउने कार्य रोकिएको जानकारी दिनुभएको हो ।

नगरपालिकाले गत जेठ २७ गते पहिलो पटक ३५ दिने र साउन ४ गते दोस्रो पटक १५ दिने अन्तिम म्यादसहितको सूचना प्रकाशित गर्दै सडक क्षेत्राधिकारभित्र रहेका अस्थायी तथा स्थायी संरचना हटाउन आग्रह गरेको थियो । त्यसक्रममा सडक क्षेत्रभित्र परेका संरचनाको नापजाँचसमेत सम्पन्न गरिएको थियो ।

नगरपालिकाको उक्त निर्णयविरुद्ध बिर्तामोड नगरपालिका-५ का ११ जना स्थानीयले संयुक्त रूपमा दीपप्रशुन सुवेदीलाई वारेस नियुक्त गरी सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले गत असार ३१ गते उत्प्रेषणको आदेश जारी गरेपछि नगरपालिकाले अदालतको अन्तिम फैसला नआएसम्म सडक विस्तारसम्बन्धी संरचना हटाउने कार्य स्थगित गर्ने निर्णय गरेको हो ।

## राष्ट्रपति पौडेलद्धारा प्रधानमन्त्री शाहसँग देशको परिस्थितिबारे जानकारी

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री बालेन्द्र शाहसँग मुलुकका विभिन्न भागमा भएको विषम घटना र परिस्थितिका बारेमा जानकारी लिनुभएको छ ।

देशका विभिन्न भागमा हिंसात्मक घटना बढ्दै गएपछि राष्ट्रपति पौडेलले प्रधानमन्त्री शाहलाई आज शीतलनिवास बोलाएर अवस्थाबारे चिन्ता र चासो व्यक्त गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति पौडेललाई प्रधानमन्त्री शाहले शान्ति सुव्यवस्था कायम गर्न सरकारबाट भइरहेको प्रयासबारे जानकारी गराउनुभएको थियो ।

सो अवसरमा राष्ट्रपति पौडेलले राजनीतिक दललगायत सबै पक्षलाई साथमा लिएर संयमतापूर्वक स्थितिलाई साम्य पार्न एवं सद्भाव कायम गर्न सुझाव दिनुभएको थियो ।

यसैबीच प्रधानमन्त्री शाहले उपराष्ट्रपति रामसहायप्रसाद यादवलाई समेत फोनमार्फत देशको पछिल्लो अवस्थाबारे जानकारी गराउनुभएको थियो ।

## चौध लाख बढीका भन्सार छलीका सामान बरामद

झापा । जिल्ला प्रहरी कार्यालय झापाले जिल्लाका विभिन्न स्थानबाट भन्सार छली गरी अवैध रूपमा भित्र्याइएका तथा निकासी गर्न लागिएका करिब रु १४ लाख ५० हजार बराबरका सामान बरामद गरेको छ ।

अहिले जिल्ला प्रहरी कार्यालयबाट सञ्चालित नियमित सुरक्षा निगरानी, गस्ती तथा विशेष जाँच अभियानको क्रममा साउन १ गतेदेखि १४ गतेसम्ममा रु १४ लाख ५२ हजार ७८० बराबरका अवैध रूपमा भन्सारबाट भित्र्याइएका चोरीनिकासीका सामान बरामद गरिएको हो । प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार बरामद गरिएका कपडासहित विभिन्न अवैध सामान आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको छ । प्रहरीले सीमा क्षेत्रमा हुने अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रणका लागि जिल्लाभर सुरक्षा गस्ती र जाँचलाई थप कडाइ गरिएको जनाएको छ ।

## इएमएफ ग्लोबल कन्भेन्सन एण्ड अवार्ड सुरु

काठमाडौं । भारतीय कम्पनी दि इभेन्ट म्यानेजमेन्ट फेडेरेसन (इएमएफ ग्लोबल) को आयोजनामा काठमाडौंमा बिहीबारदेखि १३औं संस्करणको 'इएमएफ एस ग्लोबल कन्भेन्सन एण्ड अवार्ड' सुरु भएको छ । आजदेखि सुरु भएको कन्भेन्सन (सम्मेलन) शनिवारसम्म सञ्चालन हुनेछ ।

इएमएफ ग्लोबलका अध्यक्ष जयदीप मेहताले बिहीबार आयोजित पत्रकार सम्मेलनमा कन्भेन्सन तथा अवार्ड समारोहमा विभिन्न सात राष्ट्रका ५५० भन्दाबढी सहभागी हुने जानकारी दिनुभयो ।

"यो केवल सम्मेलन वा अवार्ड वितरण कार्यक्रम मात्र होइन, गन्तव्यमा आधारित आर्थिक विकासको महत्वपूर्ण उत्प्रेरक पनि हो", उहाँले भन्नुभयो, "जहाँजहाँ यो सम्मेलन आयोजना गरिएको छ, त्यहाँको विवाह तथा इभेन्ट उद्योगले उल्लेखनीय आर्थिक लाभ हासिल गरेका छन् ।"

अध्यक्ष मेहताले 'लक्जरी' होटल, विवाहस्थल, 'डेस्टिनेसन म्यानेजमेन्ट' कम्पनी, 'प्रोडक्सन हाउस', कलाकार, यातायात सेवा प्रदायक, पर्यटन व्यवसायी, सजावट विशेषज्ञ, स्थानीय आपूर्तिकर्ता तथा आतिथ्य क्षेत्रका साझेदारहरूले सयौं सभा (इभेन्ट) उद्योगका निर्णयकर्ताको उपस्थितिबाट प्रत्यक्ष फाइदा उठाउन सकिने कुरा समेत सो क्रममा बताउनुभयो ।

नेपालमा प्राकृतिक सौन्दर्यता, विवाह समारोहलगायत गन्तव्य बनाउनका लागि उपयुक्त स्थल रहेको उहाँले दाबी गर्नुभयो । आयोजकका अनुसार १३औं संस्करणको कन्भेसन तथा अवार्ड समारोहमा बलिउडका कलाकार विक्रान्त म्यासी, बलिउडकी चर्चित अभिनेत्री शिल्पा शेट्टी, प्रख्यात अभिनेत्री मनीषा कोइराला तथा वरिष्ठ कलाकार शक्ति कपुरको विशेष उपस्थिति रहने जानकारी दिइएको छ ।

यस कार्यक्रममा 'इभेन्ट' उद्यमी, 'डेस्टिनेसन' विशेषज्ञ, आतिथ्य(हस्पिटालिटी) क्षेत्रका अगुवा, पर्यटन क्षेत्रका सरोकार भएका निकायका प्रतिनिधि, सिर्जनात्मक पेसाकर्मी तथा उद्यमीको सहभागिता रहने आयोजकले जनाएको छ ।

## राहदानी विभागले थप आवेदन फारम खोल्ने

काठमाडौँ । दक्षिण कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस)अन्तर्गत आवेदन दिन म्याद थप गरिएकाले राहदानी प्राप्तिका लागि साउन १८ गते देखि आवेदन खुला गरिने भएको छ । वैदेशिक रोजगार विभागले बिहीबार एक सूचना जारी गर्दै सेवाग्राहीको सुविधालाई ध्यानमा राख्दै राहदानी विभागले शनिबार र आइतबार पनि आवेदन फाराम खुला गर्ने सूचनामा उल्लेख गरिएको छ । इपिएसका लागि आवेदनको चापलाई ध्यानमा राख्दै यसअघि र विभागले आवेदन फाराम खुला राखेको थियो । हाल खुलाइएको फारामअन्तर्गत सेवाग्राहीले तोकिएको मिति र समयमा विभागमा उपस्थित भइ राहदानीसम्बन्धी सेवा लिनपर्छ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

## साम्प्रदायिक सद्भाव कायम गर्न सबै नेता एकजुट हुनुपर्नेमा रास्वपा सभापति लामिछानेको जोड

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले देशमा देखिएको वर्तमान परिस्थितिमा सबै राजनीतिक दल, नेता तथा नागरिकलाई संयमित हुन आग्रह गर्दै साम्प्रदायिक सद्भाव कायम राख्न अपिल गर्नुभएको छ ।

सिंहदरबारस्थित रास्वपाको संसदीय दलको कार्यालयमा तराई-मधेस केन्द्रित दलका नेताहरूसँग भएको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै सभापति लामिछानेले अहिले आरोप-प्रत्यारोप र तत्काल मूल्याङ्कन गर्नेभन्दा पनि हिंसा नफैलियोस् भन्नेमा सबैपक्ष केन्द्रित हुनुपर्ने बताउनुभयो ।

उहाँले अहिलेको समयमा बोलिने अभिव्यक्ति र सामाजिक सञ्जालमा गरिने टिप्पणीले शान्ति कायम गर्न सहयोग पुग्ने खालको हुनुपर्ने उल्लेख गर्दै हिंसा भड्काउने अभिव्यक्ति नदिन आग्रह गर्नुभयो ।

सभापति लामिछानेले सबै राजनीतिक दल र नेताहरूले आफूलाई विश्वास गर्ने तथा आफ्ना कुरा सुन्ने नागरिकसम्म शान्ति, सदभाव र संयमताको सन्देश पुर्याउनुपर्ने बताउनुभयो ।

"अहिले समय मूल्याङ्कन गर्ने होइन, हिंसा नफैलियोस् र सद्भाव कायम रहोस् भन्नेमा सबै संयमित हुन आवश्यक छ । हामीले बोलेका शब्दले शान्ति कायम गर्न सहयोग गर्नुपर्छ, हिंसा बढाउने होइन", उहाँले भन्नुभयो, "अहिले मेरो अपिल सबै राजनीतिक दलका नेताहरूलाई छ । हामीलाई सुन्ने, मान्ने र विश्वास गर्ने जनसमुदायलाई शान्ति, सद्भाव र संयमको सन्देश दिनुपर्छ । त्यो अपिल बस्ती-बस्ती, टोल-टोलसम्म पुग्नुपर्छ । आमनागरिकले बुझ्ने गरी अहिले एकआपसमा लड्दा त्यसको असर सबैलाई पर्छ, कसैले जित्दैन भन्ने कुरा बुझाउनुपर्छ ।"

मानिस मानिससँग डराउने अवस्था सिर्जना हुन नदिन सबैले जिम्मेवारीपूर्वक व्यवहार गर्नुपर्ने बताउँदै सभापति लामिछानेले अहिले साम्प्रदायिक हिंसा कसरी उत्पन्न भयो भन्ने समीक्षा गर्नेभन्दा पहिले आगो निभाउने काममा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो । समय आएपछि राजनीतिक र नैतिक जिम्मेवारीबारे समीक्षा गर्न सकिने उहाँको भनाइ थियो । साथै, उहाँले आफ्ना परिवारका सदस्यलाई अफवाह र उत्तेजनात्मक गतिविधिबाट टाढा राख्न आग्रह गर्नुभयो ।

छलफलमा सहभागी जनमत पार्टीका अध्यक्ष डा सिके राउतले बैठकमा शान्ति, सद्भाव कायम राख्ने र अफवाह फैलिन नदिने विषयमा जोड दिइएको बताउनुभयो । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले सरकारले न्याय, शान्ति सुरक्षा र साम्प्रदायिक सद्भाव कायम गराउन प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । देशको पछिल्लो परिस्थितिबारे छलफल गर्न आयोजित बैठकमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपाका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष डा सिके राउत तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, राष्ट्रिय निर्माण दलका नेता समिम अन्सारीलगायत सहभागी हुनुहुन्थ्यो ।

## कांग्रेस नेता आङ्देम्बेद्वारा सद्भाव र धार्मिक सहिष्णुताका लागि अपिल

काठमाडौँ । नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले देशको विभिन्न स्थानमा पछिल्ला केही दिनदेखि देखिएको तनावपूर्ण घटनाक्रमले चिन्तित तुल्याएको उल्लेख गर्दै शान्ति, सद्भाव र धार्मिक सहिष्णुताका लागि अपिल गर्नुभएको छ ।

नेता आङ्देम्बेले बिहीबार एक विज्ञप्तिमार्फत सुनसरीको देवानगञ्ज नगरपालिका-३ कप्तानगञ्जदेखि फैलिएको तनाव सिरहाको गोलबजार, धनुषाको जनकपुर हुँदै पर्साको वीरगञ्जसम्मै फैलिएको र यसबीचमा तीन नागरिकले ज्यान गुमाएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ ।

"नेपाल विविध धर्म, भाषा, संस्कृति र समुदायको साझा फूलबारी हो । यही विविधताबीचको एकता हाम्रो सबैभन्दा ठूलो शक्ति हो", उहाँले भन्नुभएको छ, "हामीले सदियौँदेखि एकअर्काको धर्म, संस्कृति र परम्पराको सम्मान गर्दै आएका छौँ । आपसी भाइचारा, बन्धुत्व र सामाजिक सद्भाव कायम राखेका छौँ । यसलाई कुनै पनि हालतमा कमजोर हुन दिनु हुँदैन ।"

नेता आङ्देम्बेले धर्म र पूजा गर्ने तौरतरिका, संस्कृति र परम्परा फरक भए पनि मानवता सबैभन्दा ठूलो धर्म भएको बताउँदै हरेक धर्मले प्रेम, करुणा, सहिष्णुता, क्षमा र शान्तिको सन्देश दिने उल्लेख गर्नुभएको छ ।

कुनै पनि धर्मले घृणा, हिंसा वा वैमनस्य नसिकाउने भएकाले धर्मका नाममा, जातको नाममा एकअर्काप्रति अविश्वास र द्वेष फैलाउने कामबाट सबै सचेत हुन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभएको छ ।

नेता आङ्देम्बेले सबै राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम र युवापुस्तालाई अहिले आरोपप्रत्यारोप नभई समाजलाई जोड्ने काममा लाग्न र एकअर्कालाई दोषी देखाउने नभई विश्वासको वातावरण बनाउन आग्रह गर्नुभएको छ । उहाँले सरकारले पनि नागरिकको जीवन र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै बल प्रयोगभन्दा संवाद, विश्वास र कानुनी प्रक्रियामार्फत परिस्थितिलाई सामान्य बनाउन तत्काल प्रभावकारी पहल गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नेता आङ्देम्बेले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनबमोजिम कारवाही गर्न तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चाल्नुपर्ने बताउनुभएको छ ।

## आन्तरिक रोजगार सिर्जना गर्नेगरी कार्यसम्पादन गर्न निर्देशन

काठमाडौँ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आगामी आर्थिक वर्षभित्र एक लाख रोजगार सिर्जना गर्नुपर्ने बताउँदै यसका लागि मन्त्रालयअन्तर्गतका सबै निकायलाई सक्रिय भई कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ ।

बिहीबार मन्त्रालयमा आयोजित गत आव २०८२/८३ को मन्त्रालय र यसअन्तर्गतका निकायबाट सम्पादन भएका कार्यहरूको वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमड्याक) को बैठकमा मन्त्री यादवले आन्तरिक रोजगार सिर्जना गर्न अन्तरमन्त्रालय समन्वयमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

मन्त्रालयले एक वर्षभित्रमा एक लाख युवालाई रोजगार सिर्जना गर्ने लक्ष्य रहेको जनाउँदै यसअन्तर्गत हालसम्म २३ हजारले रोजगारी प्राप्त गरिसकेका मन्त्री यादवले बताउनुभयो । आन्तरिक रोजगार महाशाखालाई निर्देशन दिँदै उहाँले भन्नुभयो, "आन्तिरिक रोजगार वृद्धि गर्नु सरकारको पहिलो प्राथमिकता हो । यसलाई महत्वपूर्ण ठानेर काम गरौं ।" उहाँले रोजगार नीति र रोजगार ऐनसमेत यथाशीघ्र बनाउन निर्देशन दिनुभयो ।

मन्त्री यादवले ७५३ वटै पालिकामा कार्यरत रोजगार संयोजकको भूमिका बृहत् बनाउँदै अनलाइन श्रम स्वीकृत प्रणालीलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो । उहाँले हालसम्म १९ प्रतिशत पुँजीगत खर्च भएको जनाउँदै यसको दायरा वृद्धि गर्नसमेत निर्देशन दिनुभयो । बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य डा पुस्कर मल्लले कार्यसम्पादन गर्दा आइपर्ने समस्याको उजागर गर्नुभन्दा समाधानको गाँठो फुकाउने गरी प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभयो । उहाँले मन्त्रालयको कार्ययोजनाले १६औं पञ्चवर्षीय योजनाको उद्देश्यपूर्तिमा सघाउ पुर्याउनुपर्नेमा जोड दिनुभयो । मन्त्रालयका सचिव डा दीपक काफ्लेले विकास कार्यक्रमलाई पारदर्शी, प्रभावकारी, जनमुखी बनाउँदै समयमा सम्पन्न गर्नुपर्ने बताउनुभयो । उहाँले युवाको क्षमता विकासका क्षेत्रमा काम गर्नुपर्ने बताउँदै यसका लागि युवाको व्यक्तिगत विवरण तयार पानुपर्ने जानकारी दिनुभयो । उहाँले निर्धारित बजेट कार्यान्वयनका लागि प्रत्येक कामको कार्ययोजना र तालिका बनाएर कार्य-सम्पादन गर्न सम्बन्धित शाखालाई निर्देशन दिनुभयो । बैठकमा सहसचिव बाबुराम भण्डारीले गत आव २०८२/८३ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

## सुर्खेतमा अटोको ठक्कर बाट पैदल यात्रीको मृत्यु

कर्णाली । सुर्खेत वीरेन्द्रनगरमा अटोको ठक्करबाट एक पैदल यात्रीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराले वीरेन्द्रनगर नगर पालिका-११ सुर्खेतका ६० वर्षीय रत्न विकको मृत्यु भएको जानकारी दिनुभयो ।

विकलाई सोही वडाको धुलियाबिट नजिकै भित्री सडक खण्डमा कप्र ०२००१ स १०९४ नं को अटोले बिहीबार बिहान ठक्कर दिएको थियो । अटोको ठक्करले टाउको र ढाडमा चोट लागेका उहाँलाई उपचारका लागि कर्णाली केयर सुर्खेतमा लगिएको थियो । त्यहाँ नसकेर नेपालगञ्ज नर्सिङहोम र त्यहाँबाट पनि भारतको लखनउ सिटी अस्पतालमा पठाइएको थियो । लखनउ लैजाँदै गर्दा बाटैमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक बोहाराले बताउनुभयो ।

## क्यान्सर अस्पतालमा पेटस्क्यान जडानका लागि बाटो खुल्यो

चितवन । प्रथम राष्ट्रपति डा रामवरण यादव पेट स्क्यानका लागि भारत गएर फर्किएपछि नेपालमा सरकारी अस्पतालमा पेट स्क्यान गर्ने उपकरण सञ्चालन गर्न चासो दिनुभएको थियो । तत्कालीन समयदेखि निरन्तर रूपमा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पेट स्क्यान जडानका लागि सरकारले बजेट विनियोजन गर्दै आए पनि हालसम्म कामले पूर्णता पाउन सकेको थिएन ।

सबै प्रक्रिया पूरा गरेर खरिदमा जान मिल्ने गरी काम अघि बढाएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को काम सम्पन्न गर्न अस्पताललाई करिब तीन वर्ष लागेको अस्पताल प्रशासनले जनाएको छ । यही अवधिमा अस्पतालले निर्माण भएका संरचनाको भरतपुर महानगरपालिकामा अभिलेखीकरण गरेको छ । यसका लागि अस्पतालले रु एक करोड ७८ लाख राजस्व बुझाएको कार्यकारी निर्देशक डा उमेश नेपालले जानकारी दिनुभयो । सबै प्रक्रिया पूरा गरेर अस्पतालले बोलपत्रका लागि तयारी अवस्थामा पुर्याएको छ । यसअघि बोलपत्र आह्वान भएर कम्पनी छनोट भएपछि मुद्दाका कारण काम रोकिएको उहाँले बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयले चालु आवका लागि रु २५ करोड रकम विनियोजन गरेको कार्यकारी निर्देशक डा नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालको सञ्चालक समितिले पूर्णता पाएपछि समिति बनाएर अन्य प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । समिति बनेपछि उपकरणको विशिष्टता (स्पेक) तयार गरिनेछ । सोही आधारमा बोलपत्र आह्वान गरिने अस्पतालले जनाएको छ । एउटै बोलपत्रमार्फत नक्साङ्कनदेखि बङ्कर निर्माण, उपकरण खरिद, जडान, तालिमसमेत सञ्चालन गरिने कार्यकारी निर्देशक डा नेपालले जानकारी दिनुभयो । सबै काम एउटै ठेक्कामार्फत गरिने यस प्रक्रियालाई 'टर्की' परियोजना भनिने उहाँले बताउनुभयो ।

मानव शरीरमा क्यान्सर रोग पहिचान गर्ने यो उपकरण नेपालका सरकारी अस्पतालमा नभएको उहाँले बताउनुभयो । उहाँका अनुसार मुलुकका तीन वटा निजी संस्थामा पेट स्क्यान हुने भए पनि उपकरणलाई आवश्यक पर्ने 'आइसोटोप' भारतबाट ल्याउने गरिएको जनाउँदै डा नेपालले आइसोटोप उत्पादन गर्ने उपकरण 'साइक्लोट्रोन' समेत यही जडान गर्ने अस्पतालको तयारी रहेको उल्लेख गर्नुभयो ।

कार्यकारी निर्देशक नेपालका अनुसार आइसोटोप उत्पादन गरेर निजी क्षेत्रलाई बिक्री पनि गर्न सकिन्छ । "कोभिडका समयमा जहाज नउड्दा आइसोटोपका अभावमा मुलुकका पेट स्क्यान सञ्चालन हुन सकेका थिएनन् । राजधानीका दुई र झापाको एक ठाउँमा पेट स्क्यान हुन्छ । उनीहरूले साइक्लोट्रोन भारतबाट जहाजमा ल्याउने गरेका छन् । साइक्लोट्रोन यथासक्य छिटो प्रयोग गर्न नसकेमा प्रभावकारिता कम हुने गर्दछ", उहाँले भन्नुभयो ।

विज्ञहरूले सात-आठ घण्टाभन्दा बढी ढिलो भएपछि प्रभावकारी नहुने जनाउँदै आएका छन् । यो उपकरणले रोग पत्ता लगाउनका साथै उपचार एवं शल्यक्रियापछि बिरामीको शरीरमा क्यान्सर रहे/नरहेकोसमेत पत्ता लगाउन उपयोगी हुने डा नेपालको भनाइ छ । हाल पेट स्क्यानका लागि अधिकांश बिरामीलाई छिमेकी देश भारतसहित अन्य मुलुक जानुपर्ने बाध्यता छ । उपकरण जडान गरेसँगै बिरामीले सरकारीस्तरमा स्वदेशमा यो सेवा पाउने उहाँको भनाइ छ । डा नेपालले पेटस्क्यान गर्ने उपकरण सञ्चालनमा आएसँगै क्यान्सर समयमा पहिचान गरी उपचार गर्न सहज हुने बताउनुभयो ।

अहिले नेपालमा निजी क्षेत्रले पेटस्क्यान परीक्षण रु ५० देखि ५५ हजारसम्म लिँदै आएका छन् । यहाँ उक्त उपकरण बनेपछि सस्तोमा बिरामीले सेवा पाउने छन् । पेट स्क्यान जडानका लागि रु एक अर्ब हाराहारी खर्च हुने अनुमान छ । अस्पतालले बहुवर्षीय आयोजना बनाएर काम गर्ने तयारी गरेको छ ।

## कल्याणकारी कोषको रकम राष्ट्रिय विकासमा परिचालन गर्ने सेनाको तयारी

काठमाडौँ । नेपाली सेनाले सैनिक कल्याणकारी कोषमा रहेको रकम राष्ट्रिय विकासमा योगदान पुग्नेगरी परिचालन गर्ने सोच अघि सारेको छ ।

रक्षा मन्त्रालयमा बिहीबार आयोजित चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले पहिलो चरणमा कोषको रकम जलविद्युत् तथा सौर्य ऊर्जामा लगानी गर्ने जानकारी दिनुभयो ।

"हाम्रो कल्याणकारी कोषलाई राष्ट्रिय विकासमा योगदान पुग्ने गरी खर्च गर्ने विकल्प खोजिरहेका छौं । यसबाट राष्ट्रको विकास पनि होस् र कल्याणकारी कोषमा रहेको रकमको उचित सदुपयोग पनि होस् भन्ने हाम्रो उद्देश्य हो", प्रधानसेनापति सिग्देलले भन्नुभयो, "त्यसका लागि हामीले प्रयास गरिरहेका छौं । पहिलो चरणमा जलविद्युत् र सौर्य ऊर्जामार्फत विद्युत् उत्पादन गर्ने कामलाई परीक्षणका रूपमा अघि बढाउने सोचमा छौं । यो सफल भयो भने कोषको रकम विकास निर्माणका काममा लगानी गर्नेछौं ।" प्रधानसेनापति सिग्देलका अनुसार कोषको कुल सम्पत्ति हाल करिब रु ९७ अर्ब रहेको छ । त्यसमध्ये विभिन्न बैंकमा करिब रु ९१ अर्ब नगद मौज्दात र करिब रु छ अर्ब लगानी रहेको छ । कोषको आम्दानीको ९० प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था रहेको छ । तर बैंकको ब्याजदर घटेकाले कल्याणकारी कार्यक्रमको खर्च व्यवस्थापनमा चुनौती भइरहेको उहाँले बताउनुभयो । करिब १० लाख हिताधिकारी तथा शिक्षातर्फ करिब ११ हजार विद्यार्थी लाभान्वित भइरहेका छन् । स्वास्थ्य सेवाका प्रमुख लाभग्राहीमा सैनिकका परिवार तथा भूतपूर्व सैनिक रहेका छन् । साथै शिक्षातर्फ कक्षा १२ सम्मका साथै एमबिबिएस, इन्जिनियरिङलगायत उच्च तथा प्राविधिक शिक्षाका विद्यार्थी लाभान्वित भइरहेका छन् । कल्याणकारी कोषबाट हुने खर्च मुख्यतः सैनिक तथा भूतपूर्व सैनिकको हितमा केन्द्रित रहेको प्रधानसेनापति सिग्देलले स्पष्ट पार्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com